"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनकुटा
# १ नं. प्रदेश, नेपाल

फोन: ०२६-५२०११९, ५२०१४३

पत्र संख्या : २०७४।७५
चलानी नं.

मिति : २०७५।३।०९

**विषय : प्रेस विज्ञप्ती ।**

**धनकुटा जिल्ला स्थित सवै संचारकर्मीज्यूहरु**

धनकुटा नगरपालिकाले आगामी आर्थिक बर्ष २०७५/७६ को बार्षिक बजेट, नीति तथा कार्यक्रम २०७५ साल असार ८ गते सम्पन्न भएको नगर सभाको तेश्रो अधिवेसनबाट पारित गरेको छ । आगामी आर्थिक बर्ष २०७५/७६ को लागि कुल ५२ करोड ८९ लाख ४३ हजार बजेट विनियोजित गरेको छ जस मध्ये चालुतर्फ ३६ करोड १७ लाख र पूँजिगत तर्फ १६ करोड ७२ लाख ४३ हजार रहेको छ । कुल बजेटको चालु तर्फ ६८.३८ प्रतिशत र पूँजिगत तर्फ ३१.६२ प्रतिशत रहेको छ । चालु आर्थिक बर्षको संशोधित विनियोजन ऐन अनुसार कुल बजेट ५१ करोड २८ लाख ४२ हजार भएको र सो बजेटमा चालु तर्फ २७ करोड २८ लाख १६ हजार तथा पूँजिगत तर्फ २४ करोड २६ हजार कायम भएको छ ।

चालु आर्थिक बर्षको तुलनामा आगामी आर्थिक बर्षमा संसोधित बजेट अनुसार कुल बजेटमा ०.३२ प्रतिशतले बृद्धि भएको छ । चालु खर्च तर्फ ३५.५८ प्रतिसतले बृद्धि भएको छ भने पूँजिगत खर्च ३०.३२ प्रतिसतलेनै घटी हुन पुगेको छ । चालु खर्चमा नेपाल सरकारबाट वित्तिय समानीकरणको लागि सशर्त अनुदान ( शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु र महिला विकास) तर्फको २२ करोड ४ लाख र सामाजिक सुरक्षातर्फको ५ करोड समेत समावेश गरिएको छ । यसरी हेर्दा धनकुटा नगर कार्यपालिकाको कार्यालय तर्फको चालु खर्च १३ करोड ९८ लाख रहेको छ जुन कुल चालु खर्चको ३८.५० प्रतिशत र कुल बजेटको २६. ४३ प्रतिशत हुन आउँछ ।

धनकुटा नगरपालिकाको कुल आन्तरिक आय तर्फ २ करोड ६० लाख प्रस्ताव गरिएको छ । नगरपालिकाको कुल बजेटमा आन्तरिक आयको हिस्सा ४.९१ प्रतिशत मात्र रहेको छ ।

**मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :**

**पूर्वाधार विकास तर्फ**
प्रमुख योजनाहरुमा नगरस्तीय २२ र वडास्तरीय ११६ गरी जम्मा १३८ वटा पूर्वाधार योजनाहरुमा कुल लागत १० करोड १० लाख ६३ हजार बराबर बजेट बिनियोजन गरिएको छ जुन कुल पूँजिगत बजेटको ६०.४३ प्रतिशत हुन आउँछ ।

**आर्थिक विकास तर्फ** कृषि तथा पशु विकास, उद्योग र पर्यटन विकासमा जम्मा ३७ वटा विभिन्न योजनाहरुमा १ करोड ४० लाख ५० हजार बजेट विनियोजन गरिएको छ जुन कुल पूँजिगत बजेटको ११.८३ प्रतिशत हुन आँउछ ।

**सामाजिक विकासतर्फ** जम्मा ८७ वटा योजनाहरुमा २ करोड १७ लाख ८० हजार बजेट विनियोजन गरिएको छ जुन कुल पूँजिगत खर्चको १३.२ प्रतिशत हुन आउँछ ।

**संस्थागत विकास तर्फ :** संस्थागत योजनाहरु जम्मा ३३ वटा विकास योजना तथा कार्यक्रमहरुको लागि २ करोड ३३ लाख विनियोजन गरिएको छ जुन कुल पूँजिगत खर्चको १३.९३ प्रतिशत हुन आउँछ ।

**वातावरण तथा विपद् व्यवस्थापन :**
विपद् व्यवस्थापन सम्बन्धी योजनाहरु ४ वटा कार्यक्रमहरुको लागि १० लाख ५० हजार र वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी २ वटा योजनाहरुमा ४ लाख गरी वातावरण तथा विपद व्यवस्थापन समुहतर्फ ६ वटा योजनाहरुमा जम्मा १४ लाख ५० हजार विनियोजन गरिएको छ जुन कुल पूँजिगत खर्चको ०.८७ प्रतिसत हुन आँउछ ।

यसरी हेर्दा धनकुटा नगरपालिकाले आगामी आर्थिक बर्षको लागि पूँजिगत तर्फ ३०१ वटा विभिन्न योजना तथा कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम स्वीकृत गरिएको छ ।

“ धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर”

नगरपालिकाले चालु आर्थिक बर्षमा विशेष प्राथामिकतापूर्वक बजेट विनियोजन गरेको क्षेत्रहरुमा सडक सञ्जाल निर्माण तथा स्तरोन्नति, कृषि पर्यटनको लागि व्यवसायीक कृषि तथा पशु विकास अनुदान साझेदारी, मेयर कृषि पर्यटन कार्यक्रम अन्तरगत एभोकार्डोको राजधानी घोषणा अभियान, गरिव आवास सहुलियत कार्यक्रम, बालमैत्री नगर घोषणा अभियान, पूर्ण खोप सुनिश्चतता अभियान, अंगेजी माध्यमको लागि शिक्षक तालिम, लक्षित क्षेत्रको सीप तथा क्षमता विकास सहित गरिवी लक्षीत व्यवसायीक अनुदान कार्यक्रम, स्वास्थ्योपचारको लागि विपन्न संग नगरपालिका कार्यक्रम, इन्ट्रा नेटवर्किङ तथा इन्टरनेट नेटवर्किङ मार्फत विद्युतिय सुशासन, विश्वविद्यालयको साझेदारीमा अध्ययन अनुसन्धान कार्यक्रम, धनकुटा नगर कप प्रतियोगिता, धनकुटा नगर आवाज रेडियो कार्यक्रम, शहीद भीम नारायण अन्तराष्ट्रिय फुटवल प्रतियोगिताको क्षेत्र विस्तार, एक वडा एक खेलमैदान निर्माणमा साझेदारी, नगर क्षेत्रका प्रमुख पर्यटकीय क्षेत्रहरु चुलिवन, मधुगंगा, बक्रकुण्ड, धर्मगंगा जस्ता क्षेत्रहरुमा विशेष पर्यटनमैत्री निर्माण सुधार कार्यक्रम सञ्चालन गरिनेछ । सहासिक पर्यटन खेलको माध्यमबाट पर्यटकीय हबको स्थापना, फूलवारी व्यवस्थापन तथा पर्यटकीय स्तम्भ निर्माण, वडास्तरबाट थालनी भएको **ORANGE CITY, GEREEN CITY** र **BLUE VILLAGE** अवधारणालाई संस्थागत गर्दै नगरको नमूना पर्यटन कार्यलाई क्रमश प्रोत्सहान गर्दै लगिनेछ । त्यसै गरी वातावरण सुधारका लागि एक घर एक सचेतना कार्यक्रम संचालन गरिने छ ।

शहरी सुशासन कायम राख्नका लाीग चालु आर्थिक बर्षभित्रै नगर प्रहरी जनशक्ति व्यवस्थापन गरी घरनक्सापास, राजश्व संकलन, छाडापशु तथा फुटपाथ नियन्त्रण एवम् फोहोरमैला व्यवस्थापन, सार्वजनिक जग्गा तथा सार्वजनिक सम्पत्तिको संरक्षण लगायतका क्षेत्रमा शहरी सूशासन कायम राख्ने, सार्वजनिक परीक्षणलाई अनिवार्यता गरी योजना अनुगमन प्रतिवेदनलाई भूक्तानी प्रणालीमा आवद्धता गराई योजना तथा कार्यक्रम सञ्चालनमा पारदर्शि र जनमुखी विकास पद्धतीलाई स्थापित गर्ने जस्ता सुशासनमैत्री नीति अबलम्बन गरिनेछ ।

पूर्वाधार विकास योजनाहरुलाई सहभागितामुलक र दिगो बनाउनका लागि ५ लाख भन्दा बढीका पूर्वाधार विकास योजनाहरुमा कुल लागतमा १० प्रतिशत जनसहभागितालाई अनिवार्यता, उपभोक्तालाई २ प्रतिशत प्रशासनिक खर्च व्यवस्थापन, सहभागितामुलक दिगो व्यवस्थापनका लागि २ प्रतिशत लागत सहितको योजना बजेटलाई कार्यान्वयन गर्ने लगायतका नीतिहरु राखिएका छन् । त्यसै गरी न्यायिक क्षेत्रको कामलाई व्यवस्थीत गर्न थप मेलमिलापकर्ता तयारी एवम् वडास्तरीय मेलमिलाप केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिने भएका छन् ।

धनकुटा नगरपालिका वडा नं. २, ९ , १० (साविकका भिरगाउँ र बेलहारा ) क्षेत्रमा नगरपालिका घोषणा हुनु पूर्व बनेका घरहरुलाई सूचीकृत गर्ने समयावधि २०७६ साल असार मसान्त सम्मको लागि थप गरिएको र भूकम्प पिडितको लाभग्राहीको सूचीमा परेका घरहरु निर्माणको लागि निशुल्क घरनक्सापास गर्न छुट दिइएको छ ।

धनकुटा नगरको दिर्घकालिन दृष्टिकोण “ धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर” लाई आत्मसात् गर्दै नगरको समग्र विकासको लागि नगर पार्श्वचित्र अद्यावधिक गर्ने र एकीकृत शहरी विकास योजना तयारीको क्रममा रहेकोले आगामी आर्थिक बर्षमा पर्यटन, कृषि, पूर्वाधार विकास लगायतका गुरु योजना निर्माण गरी प्रदेश तथा संघीय सरकारको लगानी बृद्धि गर्ने तर्फ समेत बिशेष कार्यक्रम रहेकोछ ।

कतिपय योजना तथा कार्यक्रमहरुलाई सम्बोधन हुने गरी अन्य पूर्वाधार निर्माण, संस्थागत साझेदारी, विभिन्न अध्ययन अनुसन्धान, विपद व्यवस्थापन लगायतका अन्य बजेट शिर्षकहरुबाट कार्यक्रम सम्बोधन हुने गरी बजेट तयारी गरिएकोले यो बजेटलाई आवश्यक कार्य योजना एवम् कार्यविधि दुई महिना भित्र तयार गरी यथाशिघ्र कार्यान्वयनमा ल्याइने भएकाले सम्पूर्ण सरोकारवालाहरुबाट आवश्यक सहयोग र समन्वय हुने अपेक्षा समेत गरिएको छ ।

**धन्यवाद्**

प्रवक्ता
जम्सेर राई
धनकुटा नगर कार्यपालिका, धनकुटा
मोबाईल नं. ९८४२१०९३६१
स्थान : धनकुटा नगर कार्यपालिकाको बैठक कक्ष
समय : विहान ९.०० बजे

## पत्रकार सम्मेलनमा उठेका विषयवस्तु तथा सुझावहरु :

१. City घोषणाका आधार तथा मापदण्ड नगरपालिको बनाउनु पर्ने ।
२. सुन्तलाको बोट संरक्षणको लागि सम्बद्ध क्षेत्रसंग समन्वय गरी आवश्यक अध्ययन अनुसन्धान गर्नु पर्ने ।
३. नयाँ प्रजातिका फलफूलको पछि आउने अनुकुलन के हुन सक्छ भन्ने विषयमा समेत अध्ययन गर्नु पर्ने ।
४. योजना तर्जूमा गर्नु पूर्व नगरपालिकाले सम्बद्ध क्षेत्रसंग छलफल र परामर्श राख्दा समृद्ध नगर बनाउन आवश्यक सल्लाह र सुझाव प्राप्त गर्न सजिलो हुने ।
५. स्थानीय छापा माध्यहरुलाई समेत अनूदान वितरणको व्यवस्था मिलाउनु पर्ने ।
६. समय समयमा संचार माध्यम संग आवश्यक छलफल र अन्तरकृया गर्नु पर्ने ।
७. नगरपालिकाको बेभ साइटमा वडाको गतिविधि अद्यावधिक गरी राख्नु पर्ने ।
८. नगरपालिकाबाट जारी सूचनामुलक सामाग्री तथा विभिन्न ऐन, कानून निर्णयहरु समयै सार्वजनिक गर्नु पर्ने ।
९. नगरपालिकाको नियमित प्रकासनलाई जोड दिने ।